# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७६।०१।१२ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको ।

---

भूमिसुधार तथा मालपोत कार्यालय, राजबिराज, सप्तरीमा कार्यरत नायब सुब्बा बासुदेब मण्डलले मोही जग्गाको बाँडफाँड गरी लगत कट्टा गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निज नायब सुब्बा बासुदेब मण्डललाई सेवाग्राहीसँग रू.४०,०००। - (चालीस हजार) घुसबापतको रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज नायव सुब्बा बासुदेव मण्डलले मोही जग्गाको लगत कट्टा गर्ने प्रयोजनको लागि आवश्यक प्रकृया अगाडि नबढाई सेवाग्राहीलाई पटकपटक तारेखमा राखी घुस रकम माग गरी रू.४०,०००। - (चालीस हजार) घुसबापतको रकम लिइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि हुन आएको देखिदा निजलाई बिगो रू.४०,०००। - (चालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता